<u>बेलौरी नगरकार्यपालिकाको मिति २०८२।०८।०१ गते बसेको बैठकका निर्णयहरु</u>

<u>निर्णय नं. १)</u> प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२।०८।०५ गते संचालन हुने ५ औं कंचनपुर सम्मेलन २०८२ लाई सभ्य, भव्य रुपमा सम्पन्न गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २)</u> प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत विभिन्न क्षेत्रहरुमा मिति २०८२ कार्तिक सम्म निर्माण भएका घरहरुको अभिलेखिकरण गर्नको लागि मिति २०८२ मंसिर २ गते देखि ६ महिना (मिति २०८३ जेठ २) भित्र सम्पूर्ण घरधनीहरुले घर अभिलेखिकरणका लागि घरको नक्सा समेत तयार गरी घर निर्माण भएको मिति, घर धनीको विवरण, जग्गाधनी दर्ता प्रमाण पुर्जा (कित्ता समेत खुलेको), नगरिकता समेतका कागजातहरु संलग्न राखि नगरपालिकाको प्राविधिक शाखामा निवेदन पेश गर्ने गरी सूचना प्रकाशन गर्ने तथा माथि उल्लेखित मिति पछि नँया बन्ने घरहरुको हकमा अनिवार्यरुपमा घरको नक्सा पास गराएर मात्र नँया घर निर्माण गर्न सम्बन्धित सरोकारवाला सबैमा जानकारी गराउने निर्णय गरियो ।

<u>निर्णय नं. ३)</u> बेलौरी न.पा. वडा नं. ६ स्थित महाकाली क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनलाई भ्रमणको लागि रु. ९५,०००।-(पन्चानब्बे हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४)</u> बेलौरी नगरपालिका क्षेत्र भित्र जडान भई विग्रिएका सोलार वत्तिहरु मर्मत गर्ने निर्णय गरियो ।